बारबर्दिया नगरपालिकाद्वारा प्रकाशित

# बारबर्दिया राजपत्र

भाग-२

खण्डः६ | संख्याः १ | मितिः२०७९/०३/०९


## बारबर्दिया नगर स्वास्थ्य नीति २०७९

### १. पृष्ठभूमि

नेपालको संबिधानले निःशुल्क आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । संबिधानको कार्य बिस्तृतीकरणमा उल्लेख भएअनुसार बारबर्दिया नगरपालिकाका सबै नागरिकलाई स्वास्थ्य,पोषण तथा सरसफाई सेवामा समान पहुँच रउपभोग सुनिश्चित गर्दै संघीय संरचनामा सुशासन सहित गुणस्तरिय आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्नु बारबर्दिया नगरपालिकाको दायित्व हो ।

स्वास्थ्य र बिकास विच अन्योन्याश्रित सम्बन्ध भएकोले स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरुलाई विकासका प्रमुख सुचकका रुपमा लिइन्छ । नगरपालिकाको अथक प्रयासका बाबजुद अझैपनि गरिब, दुरदराजका नागरिकहरु अत्यावश्यक स्वास्थ्य सुविधाबाट बञ्चित रहेका छन् । गुण्स्तरीय स्वास्थ्य सेवामार्फत मानवविकास सूचकाङ्कमा सुधार ल्याइ पालिकाको समग्र विकासका लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्न नगरपालिकाले आवस्यकता महशुस गरेको छ ।

यस नगरपालिका भित्र हुने नवजात शिशु तथा मातृ मृत्युलाई वाञ्छित तहसम्म घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद व्यवस्थापन तत्काल गर्नु, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खास गरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभुततथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँच योग्य बनाउनु यस नगरपालिकाले दायित्वबोध गरेको छ ।

स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्न, जन उत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक तथा उपलब्ध सबै स्रोत र साधनको अधिकतम परिचालन गरी संघीय संरचनामा स्वास्थ्य सेवा प्रणाली विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरूलाई ठिक ढङ्गले सम्बोधन गरेर नगरबासीको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुर्नस्थापना गर्न **बारबर्दियानगर स्वास्थ्यनीति, २०७९** तयार गरी लागु गरिएको छ ।,

### २. समीक्षा

#### २.१.विगतमा गरिएकाप्रयासहरु

मानव सभ्यताको बिकास क्रमसंगै बारबर्दिया नगरपालिका भित्र बिभिन्न सामाजिक तथा साँस्कृतिक मूल्य मान्यता र जाती विषेश व्यक्तिगत ज्ञानसीपमा आधारित उपचार पद्धतिबाट विकास हुँदै आएको भएतापनि औपचारिक रुपमा आयुर्वेद चिकित्सा सेवाको सुरुवात बि.सं २०२० मा साबिकको बारबर्दिया गाउँपञ्चायतमा स्थापना भएको बारबर्दिया आयुर्वेद केन्द्र मार्फत भएको हो । बि.सं २०३० मा इलाका स्वास्थ्य चौकीको स्थापना सँगै एलोप्याथिक उपचार पद्दतिमा पाइला चालेको बारबर्दिया नगरपालिकाले वि.सं २०४८ को राष्ट्रिय स्वास्थ्यनीतिले आधारभूत स्वास्थ्यमा सवैको पहुँच पुर्याउने उद्देश्यले तत्कालीन सबै गाउँ विकास समितिहरूमा उपस्वाथ्य चौकी, ईलाकाहरूमा स्वास्थ्य चौकी, प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रहरू स्थापना गर्ने रणनिती अनुरुप विभिन्न वडाहरुमा स्वास्थ्य सेवाविस्तार गरेको हो ।

वि.स. २०६३ को जनआन्दोलन पश्चात बनेको अन्तरिम संविधानले स्वास्थ्यलाई जनताको आधारभूत अधिकारको रुपमा स्थापित गर्दै निःशुल्क स्वास्थ्य सेवाको अवधारणालाई विकसित गरे अनुरुप नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाबाट अत्यावश्यक निःशुल्क उपचार सेवा शुरु गरी नगरबासीको स्वास्थ्यको हक सुनिश्चित गर्ने प्रयास गरेको छ । संघीयता कार्यान्वयनका क्रममा स्थानिय तहको स्वास्थ्य क्षेत्रका जिम्बेवारीहरु पूरा गर्न नगरपालिका अर्न्तगत स्वास्थ्य शाखाको स्थापना गरिएको छ भने नगरपालिका मातहतका स्वास्थ्य चौकीहरु नगरपालिकालाई हस्तान्तरण भएका छन् । यसै गरि साबिकमा स्वास्थ्य चौकी नरहेका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु स्थापनाभई सञ्चालनमा आएका छन् । पिछडिएका क्षेत्र, गरिब, अल्पसंख्यक, सिमान्तकृत, लक्षितवर्ग, उमेर समुह, शारीरिक तथा मानसिकरुपमा अशक्त नागरिकहरुमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिदै आएको छ ।

बारबर्दिया नगरपालिकाले स्वास्थ्यको क्षेत्रमा स्थानिय आवश्यकताका आधारमा समानीकरण अनुदान अर्न्तगतको रकम विनियोजन गरि प्रभावकारी कामहरु सम्पन्न गरि सकेको छ । नगरबासीको आधारभुत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरुलाई संरक्षण गर्दै आगामी दिनहरुमा तथ्यमा आधारित योजना निर्माण गर्न आबश्यक धरातल र बैधानिकता प्रदान गर्नका लागि नगरपालिकाले स्वास्थ्यको बस्तुस्थिति झल्कने गरि स्वास्थ्य प्रोफाईल तथा बार्षिक प्रतिबेदन समेत तयार गरेको छ ।

नगरपालिकाले यस क्षेत्रमा बसोबास गर्ने नागरिकको स्वास्थ्य क्षेत्रमा सर्बसुलभ तथा गुणस्तरीय सेवाको पहुँच स्थापित गर्न विशेषज्ञ सहितको घुम्ति सेवा, सिकलसेल एनिमियाको उपचारको लागि आवश्यक पर्ने उपकरणहरुको खरिद, जेष्ठ नागरिकहरुका लागि घरमा गई आधारभूत स्वास्थ्य उपचार सेवाउपलब्ध गराउने,सबै वडामा आधारभुत स्वास्थ्य केन्द्रको स्थापना, पूर्ण खोपयुक्त नगरपालिका घोषणा, प्रसुति केन्द्रको स्थापना तथा संचालन,आकस्मिक अवस्थामा प्रेषण गर्नका लागि प्रत्येक प्रसुति केन्द्रमा आकस्मिक चक्र कोषको स्थापना तथा संचालन, सेटेलाइट क्लिनिक संचालन, स्वास्थ्य विमा, स्तनपान कक्षको स्थापना, पोषण सम्बन्धि प्रभावकारी कार्यक्रम संचालन, सर्ने तथा नसर्ने रोगको उपचारको लागि निःशुल्क स्वास्थ्य शिविर संचालन, प्रजनन स्वास्थ्य सम्बन्धि कार्यक्रम, खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धि (वास) योजना निर्माण जस्ता कार्यक्रमहरु संचालन गरिएको छ । त्यस्तै गरी सिकलसेल एनिमिया तथा थालेसिमिया सम्बन्धि बिद्यालय स्तरमा पाठ्यक्रम तयार गरी पठनपाठन शुरु गरिएको तथा आगामि दिनहरुमा यस्ता कार्यक्रमहरुमा थप प्रभावकारीता तथा सर्वव्यापी पहुँच पुऱ्याउनका लागि नीतिगत तथा कानूनी व्यवस्था गरी प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएको छ ।

### २.२.नगरपालिकाको बर्तमान अवस्था

बर्दिया जिल्लाको कुल जनसंख्यामा करिव १६% जनसंख्या बासोबासगर्ने यस नगरपालिकामा करिव ५५% जनसंख्या जनजातीको रहेको छ । यस नगरपालिकामा आधारभुत स्वास्थ्य सेवाप्रवाह गर्न १ प्राथमिक स्वास्थ्य केन्द्र, ३ स्वास्थ्य चौकी, ७ आधारभुत स्वास्थ्य सेवा केन्द, २३ गाँउघर क्लिनिक, २८ खोप क्लिनिक, र १३० जना महिला स्वास्थ्य स्वयम् सेविका छन् । यस नगरपालिका अर्न्तगत ४ वटा स्वास्थ्य चौकीबाट पाँच प्रकारका परिवार नियोजनका साधन तथा ३ वटा स्वास्थ्य सस्थावाट प्रसुती सेवा उपलब्ध छ। यस्तैगरी यस पालिका भित्र बिभिन्न किसिमका निजी स्वास्थ्य संस्थाहरुले सेवा प्रदान गर्दै आएको भएतापनि सुचिकृत निजी स्वास्थ्य संस्थाहरु हालसम्म जम्मा २ वटा रहेका छन् । आ.व. २०७७।७८ मा DHIS-2 मा प्रबिष्ट गरिएको तथ्याङ्क अनुसार यस नगरपालिकामा ८३.७% बिरामीले बहिरंग सेवा लिएका थिए। यस नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुमा...जना स्वास्थ्यकर्मीद्धारा स्वास्थ्य सेवाप्रदान गरिदै आइएको छ । स्वास्थ्यकर्मी र जनसंख्याको अनुपात हेर्दा......जनसंख्यालाई १ जना प्यारामेडिक्स तथा ५५८जनसंख्यालाई १ जना

महिला स्वास्थ्य स्वयं सेविका हुन आउँछ । त्यस्तै गरी सिकलसेल एनिमियाका बिरामीहरु उच्च रहेको यस पालिकामा बालविवाह, किशोरावस्थामा विवाह गर्ने तथा कम उमेरमा गर्भवति हुने संख्या पनि उच्च रहेको छ ।

केही महत्वपूर्ण स्वास्थ्य सूचकहरूलाई राष्ट्रिय तथा प्रादेशिक सूचकसँग तुलना गरी देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सि.नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क NDHS 2016 | प्रादेशिकतथ्याङ्कNDHS 2016 | बारबर्दियानगरपालिकाको तथ्याङ्क DHIS-2 | | | विकास लक्ष्य२०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | | |
| १ | प्रथम पटक गर्भजाँच गराउने महिलाको प्रतिशत (कुनैपनि बेला) | | | ७३.८ | ७०.२ | ६६.४ | | |
| २ | सिफारिस गरिए अनुसार ४ पटक गर्भजाँच गराउने महिलाको प्रतिशत | ५८.८ | ६७.३ | ५९.४ | ५७.४ | ६०.८ | ९० | |
| ३ | सुत्केरी पश्चात ३ पटक जाँच गराउने महिलाको प्रतिशत | ५७.३ | | ३७.८ | ३७.७ | ३६.५ | ९० | |
| ४ | परिवार नियोजनका आधुनिक साधनहरुको प्रयोग गरिरहेका १५ देखि ४९ वर्षका विवाहित महिलाहरुको प्रतिशत | ४३ | ४८ | ३९ | ६६.५ | ६७.६ | ६० | |
| ५ | संस्थागत प्रसुतीको प्रतिशत | ५७.४ | ५९.४ | ४६ | ४५.९ | ४२.८ | ९० | |
| ६ | सबै आधारभूतखोप पाएकाबच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ७८ | ७५ | ७०.६ | ६५.९ | ८३.८ | | |
| ७ | २ बर्ष मुनिका कुपोषित बालबालिकाहरुको संख्या | | | ५५ | ७५ | ६४ | | |
| ८ | दक्ष स्वास्थ्यकर्मिवाट सुत्केरी सेवापाउने महिलाको प्रतिशत | | | ४६ | ३८.५ | ३५.२ | | |

| सि.नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क NDHS 2016 | प्रादेशिकतथ्याङ्कNDHS 2016 | बारबर्दियानगरपालिकाको तथ्याङ्क DHIS-2 | | | विकास लक्ष्य२०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | | |
| ९ | १५-१९ वर्ष उमेरका किशोरी मध्ये बच्चा जन्माइसकेका वा पहिलोपटक गर्भवती भइसकेकाको संख्या | | | | | | | |

भौगोलिक, सामाजिक, साँस्कृतिक तथा आर्थिक बिबिधतायुक्त यस नगरपालिकामा सिकलसेल एनेमिया, थालासेमिया जस्ता बिशेष प्रकृतिका रोगहरुका साथै  क्षयरोग, कुष्ठरोग संक्रमितहरुको संख्या पनि देखिन्छ । पछिल्लो समयमा आरामदायी जीवन शैली, मदिरा तथा सुर्तीजन्य पदार्थको सेवन, किटनाशक बिषादीको प्रयोग लगायतका कारणले मुटु तथा श्वास प्रश्वास सम्बन्धी रोगहरु, क्यान्सर, मधुमेह जस्ता दीर्घ रोगहरुको प्रकोप बढ्दो छ । नगरपालिका मातहतमा रहेका बिभिन्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुरुपको भौतिक पूर्वाधार, दक्ष जनशक्ति, औजार तथा उपकरण र औषधि तथा अन्य सामग्रीहरुको आपूर्ति हुन आवश्यक छ ।

एकिकृत स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन गरी सो को आधारमा कार्यक्रम तर्जुमा गर्नु आवश्यक रहेको छ भने निजी तहबाट सन्चालित स्वास्थ्य संस्थाहरुको नियमन गर्नुका साथै सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप आधारभूत स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्न सम्बन्धित सरोकारवालाहरुसँग हातेमालो गर्नु जरुरी छ ।

उल्लेखित सुचकहरुमा समग्रमा नेपालले उल्लेखनीय सफलता हाँसिल गरिसकेको र स्वास्थ्य क्षेत्रमा मुलुक सकारात्मक बाटोमा अग्रसर भइरहेको देखिएतापनि राष्ट्रिय तथा प्रादशिक तथ्याङ्कको अनुपातमा नगरपालिकाको गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपभोगमा बृद्धि गरी जनअपेक्षा अनुसार स्वास्थ्य सेवा प्रवाहका लागि थप कार्य गर्न जरुरी रहेको छ ।

## ३.नगरपालिकामा बिद्यमान स्वास्थ्य समस्या ,चुनौती र अवसरहरु

### ३.१  समस्याहरु

- नगरपालिका भित्र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा पहुँच पुग्न सकेको छैन ।
- निजी क्षेत्रको सूचना एकिकृत गर्न नसक्नु, खरिद तथा आपूर्ति व्यवस्थापनका लागि प्रक्षेपण, परिमाण निर्धारण, खरिद, गुणस्तर सुनिश्चितता आदिको लागि प्रयाप्त सूचना नहुनु, भण्डारण तथा बितरणको उपयुक्त व्यबस्था नहुनु, अत्यावश्यक तथा निःशुल्क औषधिको अबिछिन्न उपलब्धता र सहज पहुँचकालागि प्रर्याप्त वजेट र लगानी नपुग्नु जस्ता समस्याहरु बिद्यमान छन् ।
- मौजुदा स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था कमजोर भएको, समयानुकुल सुधार गर्न नसकिएको र न्यूनतम पुर्वाधार सहितको रोगनिदान सेवा समेत उपलब्ध हुन सकेको छैन ।
- प्राकृतिक प्रकोप र महामारीका बखत समयमै पर्याप्त औषधि उपकरण पुर्‍याउन र  दुरदराजमा बसोबास गर्ने नागरिकलाई समुचित मुल्यमा औषधी उपलब्ध गराउन र यसको नियमन गर्नु पनि चुनौतिपूर्ण छ ।
- नगरपालिकामा नसर्ने खालका रोगहरु जस्तै क्यान्सर, मुटु, मृगौला, मधुमेह, कलेजो, फोक्सोको रोग, दाँतको रोग, मानसिक रोगहरुको रोकथाम गर्नु जरुरी भएको छ ।

- नगरपालिकाभित्र रहेका पिछडिएका, गरीव, असहाय, अतिदुर्गम भेगका नागरिकहरुका लागि स्वास्थ्य उपचार महगों पर्न गएको छ । अझ गम्भीर प्रकृतिका रोग लागेमा उपचार महंगो भई परिवार नै आर्थिक जोखिममा परि गरीबीमा जाने वा उपचार सेवाप्राप्त गर्न नसकि घरैमा बसी मृत्युवरण गर्नु परेको अवस्था पनि विद्यमान छ ।

- नगरपालिकाका नागरिकहरुमा गरीवी, अशिक्षा, चेतनाको अभावका कारण कुपोषण, स्वच्छ खानेपानी र सरसफाइको समस्या रहेको छ । जसका कारण बेलाबखत झाडापखाला, हैजा, ज्वरो जस्तो महामारी फैलने गरेको छ ।

- भौगोलिक बिकटता, उपयुक्त स्वास्थ्य सेवा उपलब्ध हुन नसक्नु र समयमा सेवाप्राप्त गर्नजान समेत कठिन भएकै कारण नवजात शिशु, बाल स्वास्थ्यतथामातृ स्वास्थ्य जस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुनसकेको छैन । स्वास्थ्य संस्थामा सुत्केरी हुनेको संख्या सन्तोषजनक देखिएपनि किशोरावस्थामै बच्चा जन्माउने तथा नवजात शिशु मृत्युको संख्या वढि रहेको छ ।

- बारबर्दिया नगरपालिकाका जडिबुटी एवं आयूर्वेदिक उपचार पद्दतीको सदुपयोग पनि हुन सकेको छैन ।

- जेष्ठ नागरिक तथा अपाङ्गता भएका ब्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनक ालागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।

- स्वास्थ्य क्षेत्रम ाभएको लगानीको समुचित सदुपयोग भएको, नागरिकले पाएको स्वास्थ्य सेवा र ऐन नियमका कार्यान्वयनको सम्वन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।

- नागरिकलाई उचित मुल्यमा औषधीउपलब्ध गराउनु र यसको नियमन गर्नु पनि चुनौतिपूर्ण छ ।

- नेपालको संबिधानले प्रदान गरेको निःशुल्क आधारभूत स्वास्थ्य सम्बन्धि अधिकारको समुचित ब्यवस्था मिलाउन र आकस्मिक स्वास्थ्य सेवाको बिस्तार र बिकास गरि पहुँच बृद्धि गर्ने कार्य बारबर्दिया नगरपालिका परिवेशमा चुनौतिपूर्ण रहेको छ ।

- बारबर्दिया नगरपालिका भित्र आवश्यकता अनुसार ठाउँमा र नागरिकको हित हुने गरी स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको सहभागीता बढ्न सकेको छैन । गैह्र सरकारी क्षेत्रको लगानीलाई पारदर्शि, प्रभावकारी एवम थप ब्यवस्थित गर्नुपर्ने आवश्यकता रहेको छ ।

- स्वास्थ्यकर्मीहरुको वृतिविकासका साथै उत्प्रेरणा र प्रवृतीमा कमी, प्रमाणमा आधारित योजना तर्जुमा र कार्यान्वयन गर्न आवश्यक गुणस्तरीय एवं एकिकृत सूचनाको संकलन, प्रशोधन, प्रतिवेदन, विश्लेषण तथा प्रयोग हुन सकिरहेको छैन ।

- स्थानीय तहहरुमा स्वास्थ्यको अपर्याप्त संस्थागत क्षमता, सुशासनका व्यवहारहरु जस्तै वडापत्र, सामाजिक परिक्षण आदिप्रभावकारी रुपमा पालना नगरीनु, जनप्रतिनिधि र स्वास्थ्यकर्मी विचको वुझाईमा भिन्नता र अस्पष्टता रहनु तथा निजी क्षेत्रलाई नियमनको दायरामा ल्याउन नसक्नु जस्ता समस्याहरु बिद्यमान रहेका छन् ।

- सिकलसेल तथा थालेसिमिया रोग अनुसन्धान,निदान,उपचार,रोकथाम तथा व्यवस्थापनका लागि नगरपालिकाले अझै प्रभाबकारी कदम उठाउन सकिरहेको छैन ।
- वाताबरणीय प्रभावले मानवीय स्वास्थ्यमा पार्ने समस्याहरुको उचित ब्यावस्थापन गर्न तथा सडक दुर्घटना, बाढी,नदी कटान, बन्यजन्तुको आक्रमण,व्यवसायजन्य स्वास्थ्य, मानसिक स्वास्थ्य लगायत अन्य क्षेत्रमा देखिएका समस्याहरुको उचित व्यबस्थापन गर्न सकिएको छैन।
- वैकल्पिक चिकित्साका साथै स्वास्थ्य प्रवर्द्धन काकायकमहरुमा आशातित प्रतिफल प्राप्तगर्न सकिएको छैन ।

**३.२. चुनौतीहरु**

- परिवर्तित सन्दर्भमा विभिन्न विषयगत, तहगत तथा अन्य प्रशासनिक निकायहरु विचको प्रभावकारी समन्वय, स्वास्थ्यमा गर्नुपर्ने लगानीको समान वुझाइ, व्यवहारमा संघीय प्रणाली अनुसार परिवर्तन गर्नु गराउनु यस पालिकाको स्वास्थ्य क्षेत्रकाप्रमुखचुनौतीहरू हुन् ।
- भौगोलिक विकटता, शैक्षिकतथा चेतनाको स्तर न्यून रहनु सडक विजुली, टेलिफोन, शुद्ध तथा पर्याप्त खानेपानीको व्यवस्था कम भएकाले समुचित व्यवस्था गर्न चुनौतिपूर्ण छ ।
- परम्परागत धामी, झाक्रिको अभ्यास आधुनिक चिकित्सा पद्दतीमा परम्परागत सोचका नागरिकहरुलाइ विश्वास गराउन चुनौति छ ।
- दुर्गम क्षेत्रमा नागरिकलाई उचित मुल्यमा औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नु पनि चुनौतिपूर्ण छ
- निःशुल्क आधारभूत स्वास्थ्य सम्बन्धिअधिकारको समुचित व्यवस्था मिलाउन र आकस्मिक स्वास्थ्य सेवाको बिस्तार र बिकास गरि पहुँच बृद्धि गर्ने कार्य नगरपालिका परिवेशमा चुनौतिपूर्ण रहेको छ ।

### ३.३. अवसरहरु

- नगरपालिका भित्रका सामाजिक, साँस्कृतिक तथा भौगोलिक बिशिष्टताका आधारमा नीति तथा योजना निर्माण गरी कार्यन्वयन गर्न सकिने ।
- नगरपालिका भित्र स्वास्थ्य  सेवाको समानुपातिक वितरण, पहुँच र उपभोग बढाउन स्वास्थ्य क्षेत्रमा निजी तथा गैह्र सरकारी क्षेत्रसँगको साझेदारीलाई सदुपयोग गर्न सकिने ।
- राजनैतिक परिवर्तन र संघियताको सन्दर्भमा स्थानीय स्तरबाटै स्रोत परिचालन र अनुगमन गर्न सकिने ।
- एकिकृत सूचना प्रणालीको स्थापना गरी सूचनाको सहि प्रयोग गर्न सकिनुका साथै स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको पहुँचमा बृद्धि गर्न सकिने ।
- संविधान प्रदत एकल तथा साझा अधिकारका सुचि विस्तृतिकरण भई स्पष्ट रुपमा स्थानिय स्वास्थ्य सेवाको जिम्मेवारी पालिकामा रहनु ।
- सर्वसाधारण नागरिकमा स्वास्थ्य सेवाको महत्वबारे जनचेतना बढ्दै गएको ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा स्वास्थ्य सेवालाई गुणस्तर बनाउने कुरामा जोड दिईएको अवस्था ।

## ४. नगरपालिका स्वास्थ्य नीतिको औचित्य, निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरु

### ४.१.औचित्य

विगतका केही दशक यता स्वास्थ्य क्षेत्रले हाँसिल गरेका उपलब्धिहरूको रक्षा गरी सेवामा अविछिन्नता कायम राख्दै विद्यमान स्वास्थ्य समस्या तथा चुनौतिहरूको सम्बोधन गरी गुणस्तरीय स्वास्थ्य सेवामा नागरीकको संविधान प्रदत्तहक सुनिश्चित गर्न एवं संघीय संरचना अनुरूप प्राप्त अधिकार क्षेत्र तथा दायित्व अनुरूप स्वास्थ्य सेवाको संरचना विकास तथाविस्तारका साथै गुणस्तरीय स्वास्थ्य सेवाप्रवाहका लागि मार्गदर्शन गर्नु अपरिहार्य छ । नगरपालिकाको प्राथमिकता अनुकुलहुने गरी स्वास्थ्य सेवालाई सुदृढीकरण गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूलाई सम्बोधन गर्न र दिगो विकासको लक्ष्यहासिल गर्नका लागि नगरपालिकाले स्वास्थ्य नीति प्रतिपादन गर्न अपरिहार्य छ ।

### ४.२. निर्देशक सिद्धान्त

मथि उल्लेखित समस्या,चुनौती तथा औचित्यका आधारमा नगरपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति तय गरिएका छन् । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा नगरपालिकाको स्वास्थ्य नीति, २०७८ को कार्यान्वयन गरिनेछ ।

१ मौलिक अधिकारको रुपमा आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच

२. अन्तर सरकारी तथा बहुक्षेत्रीय सहभागिता, समन्वय र सहकार्य मार्फत जनउत्तरदायी स्वास्थ्य सेवा

३. सामाजिक न्यायको आधारमा समतामूलक स्वास्थ्य सेवा

४. तथ्यमा आधारित योजना, पर्याप्त लगानी र कुशल व्यबस्थापन

५. सुशासन, जवाफदेहिता र पेशागत आचरण प्रति प्रतिबद्धता

६.मौलिक तथा पम्परागत पद्धतीको संरक्षण र प्रवर्धनका साथै औषधि जन्य जडिवुटीको खोज अनुसन्धान

७. स्वास्थ्य प्रवर्धन, संरक्षण, सुधार र पुर्नस्थापना

८. स्वास्थ्य सेवामा नवीनता तथा सृजनशीलता

**४.३ भावी सोच (Vision)**

बारबर्दिया नगरपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवनयापन गर्न सक्षमहुने ।

**४.४ ध्येय (Mission )**

उपलब्ध साधनस्रोतको अधिकतम प्रयोग गरी क्षेत्रगत सरोकारवाला, सम्बन्धित संघ तथा प्रदेश सरकार, स्वास्थ्य सेवाप्रदायक र सेवाग्राही बीच समन्वय तथा रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ्य रहनपाउने मौलिकअधिकारको सुनिश्चित गर्ने ।

**४.५लक्ष्य (Goal)**

नगरपालिकाका सवै नागरिकहरुलाई स्वास्थ्यको अधिकार सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवामा सवैको पहुँच वृद्धि गरी समतामुलक र न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलव्ध गराउने ।

**४.६. उद्देश्यहरू (Objectives)**

- नगरबासीलाई संबिधानप्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारको उपभोग गर्न पाउने वातावरण सृजनागर्ने
- सबै वडाहरुमा आवश्यक सेवा तथा पूर्वाधार, औषधि, औजार तथा उपकरण, सूचना, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको सक्षम, प्रभावकारी एवं जवाफदेही स्वास्थ्य सेवा प्रणाली मार्फत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।
- स्वास्थ्य सेवा प्रवाहमा सरकारी नीजि, बहुपक्षीय सहकार्य, साझेदारी तथा प्रभावकारी जनसहभागिता प्रवर्धन गर्ने ।
- प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक सेवाको व्यवस्थापनमा सूचनातथा सञ्चार प्रविधिको उपयोग प्रवर्द्धन र नियमन गर्ने ।
- स्वस्थ जीवनशैली प्रवर्द्धन, व्यवहार परिवर्तन र स्वास्थ्यमा प्रतिकुल असर पार्ने मानवीय तथा वाताबरणीय कारक तत्वहरुलाई निरुत्साहित गर्न अनुकुल वातावरण सृजना गर्ने ।

**५.नीतिहरु**

बारबर्दिया नगरपालिकाको भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै नगरबासीलाई गुणस्तरीय स्वास्थ्य सेवाप्रदान गर्न नगरपालिकाले देहायका नीति अवलम्वन गरेको छ ।

५.१सर्वब्यापी पहुँचको अवधारणा अनुसार नगरवासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।

५.२नगरपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवाविस्तार गरिनेछ।

५.३स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही एवं परिणाममूखी बनाईने छ ।

५.४.न्यूनतम सेवा मापदण्ड (Minimum service standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical standard)अनुसारको स्वास्थ्य सेवाप्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।

५.५.नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य बस्तुको प्रयोग, मादकपदार्थ सेवन, लागूपदार्थ दुर्व्येसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन र प्रवद्धन गरिने छ ।

५.६ नगरपालिकाभित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरु बिस्तार गर्दै (स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ ।

५.७ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक,उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहजपहुँचमा पुऱ्याउने रणनीति अबलम्बन गरिने छ ।

५.८ नगरपालिका भित्र उपलब्ध जडीवुटीको सदुपयोग गर्दै आयुर्वेद लगायतका अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ ।

५.९ स्थानीय आवश्यकता संबोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ ।

५.१० नगरबासीको .स्वास्थ्यबीमा सुनिश्चित गरि लक्षित बर्गको स्वास्थ्य सेवा सर्वसुलभ र सहजपहुँच हुने व्यवस्था गरिने छ ।

५.११ स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ ।

५.१२ सरकारी तथा निजीक्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुचिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था गरिने छ ।

५.१३ सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालिन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि स्थानीय तहसँगको समन्वयमा विशेष योजना बनाइ स्वास्थ्य सेवा परिचालन गरिने छ ।

५.१४ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्सहान, प्रवर्द्धन र व्यवस्थापन गरी नगरपालिकावासीको स्वच्छ वातावरणमा बाँच्नपाउने अधिकार सुनिश्चित गरिनेछ ।

५.१५ स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न नगरपालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लैजाने र आवश्यकता अनुसार निजि तथा गैरसरकारी क्षेत्रसंग साझेदारी गरिनेछ ।

५.१६ नगरबासीहरुको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यबर्द्धक, पौष्टिकर स्थानिय स्तरमा उत्पादन हुने (रैथाने)खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँचलाई बृद्धि गरिने छ ।

५.१७ बिभिन्न सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग एवं सिकल सेल एनेमिया, थालासेमिया, जस्ता निश्चित स्थान र समुदायमा विद्यमान रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिने छ ।

५.१८ आकष्मिक सेवातथा प्रेषण सेवालाई चुष्तदुरुष्त बनाउन आबस्यक कदम चालिनेछ ।

## ६.नीति अर्न्तगत रणनीतिहरु

**नीतिः १ सर्वब्यापी पहुँचको अवधारणा अनुसार नगरवासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।**

१.१ यस नगरपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा उपलब्ध गराईनेछन ।

१.२ भुगोल र जनघनत्वका आधारमा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाप्रदान गर्न हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरु आवश्यकता अनुसार समायोजन, स्थानान्तरण तथाथप स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ ।

१.३ स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर-किशोरी, अपांगतथा जेष्ठ नागरिक मैत्री संस्थाको रुपमा विकास गरिने छ ।

१.४ समुदाय तथा विद्यालयहरुमा आधारभुत स्वास्थ्य सेवालाई थपप्रभावकारी बनाउन रोमिङ नर्स, स्वास्थ्य स्वयंसेवक, स्वास्थ्य आमा समूह, जस्ता मानव संसाधनको व्यबस्था साथै घुम्ती स्वास्थ्य शिविर र गाउँघर क्लिनिक जस्ता कार्यक्रमलाई अझ प्रभावकारी बनाईनेछ ।

१.५ संघ तथा प्रदेशसँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवाप्रदान गर्न आवश्यक औषधी उपकरणहरुको व्यवस्थापन गरिनेछ ।

१..६ तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा सबै तहका स्वास्थ्य संस्थाहरुबाट नियमित प्रवाह हुने व्यवस्था मिलाइनेछ । नगरपालिकाको तोकिएका स्वास्थ्य संस्था तथा प्रसुती केन्द्ररुबाट २४ घण्टा आकस्मिक सेवा प्रवाह हुनेछ ।

१.७ नगरपालिका र स्थानीय स्वास्थ्य संस्थाको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको कार्ययोजना लागू गरिनेछ ।

१.८ नगरपालिका र स्थानीय स्वास्थ्य संस्थाको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरुलाई सामन्जस्यपूर्ण ढंगले संचालन गरिनेछ ।

**नीति २. नगरपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।**

२.१ संघीय तथा लुम्बिनी प्रदेश सरकारसंग समन्वय गरी नगरपालिकामा १५ शैयाको अस्पताल स्थापना गरिनेछ ।

२.२ नगरपालिका भित्रका साबिकका स्वास्थ्य संस्थाहरुको स्तरोन्ती गरी विशेषज्ञ सेवा विस्तार गरि निदान तथा उपचार पद्दती सुदृढ गरिने छ ।

२.३ नगरपालिकाका वडाहरुसंग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरि सामुदायिक स्वास्थ्य इकाइ, प्रसुती केन्द्र तथा सामुदायिक नर्स मार्फत टोल वस्तीमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

२.४ नाक, कान, घाटी, दन्त, मानसिक र आँखा चिकित्सालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाईनेछ । यस नगरपालिकाका दुर्गम ग्रामीण भेगमा समय समयमा विशेषज्ञ स्वास्थ्य शिविरहरु नियमित रुपमा संचालन गरिने छ ।

**नीति ३. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवाप्रवाहलाई गुणस्तरीय, जवाफदेही एवं परिणाममूखी बनाईनेछ ।**

३.१ स्वास्थ्य पूर्वाधार निर्माण, आपूर्ती व्यबस्था लगायत समग्र स्वास्थ्य प्रणालीलाई सबलिकृत गर्न संघ तथा प्रदेश संग समानञ्जस्यता हुने गरि स्वास्थ्य क्षेत्र सुशासन तथा आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागू गरीने छ ।

३.२ सामाजिक परिक्षण, नागरीक बडापत्र, सार्बजनिक सुनुवाईका साथै स्वास्थ्य सेवाप्रवाह र सेवाको गुणस्तरमा सेवाग्राहीहरुको गुनासो तथा पृष्ठपोषण संकलन गरि सम्वोधन गर्ने प्रणालीको विकास गरीनेछ ।

३.३ पालिका स्तरिय स्वास्थ्य समिति तथा स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति र समितिका सदस्यहरुको क्षमता अभिबृद्धि गरि सशक्त एवं जिम्बेवार बनाइ सेवा सुदृढ गरिनेछ ।

३.४ गैर सरकारी संघ संस्था, दातृ निकायहरु त्था नीजि क्षेत्रलाई परिणाममूखी कार्य गर्नको लागि नगगपालिकाको मुलधारमा ल्याई आवश्यक सहजीकरण र अनुगमन गरीने छ ।

**नीति ४. न्यूनतम सेवा मापदण्ड (Minimum service standard)तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical standard) अनुसारको स्वास्थ्य सेवाप्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधी जन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।**

४.१ नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुको आवश्यकता र मापदण्ड अनुसार भौतिक पूर्वाधारहरुको स्थापना तथा विकास गरीनेछ ।

४.२ नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधि उपकरणको सूची तयार गरी खरिद आपूर्ती, भण्डारण, बितरण, नियमित मर्मत सम्भार र व्यवस्थापन कार्यलाई सुदृढ गरिनेछ ।

४.३ संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य संस्थाबाट निःशुल्क वितरण हुने तोकिएका औषधीहरु, खोप तथा जनस्वास्थ्य कार्यक्रमका औषधि तथा औषधि जन्य सामाग्रीहरु नगरपालिकाको आवश्यकता अनुसार थप गरी सहज रुपमा उपलव्ध गराईनेछ ।

४.४ नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा तथा चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरीनेछ ।

**नीति ५. नसर्ने रोग तथा मानसीक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य बस्तुको प्रयोग, मादकपदार्थ सेवन, लागूपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन र प्रवद्धन गरिने छ ।**

५.१ स्वास्थ्य प्रवर्द्धनको लागि स्वस्थ आहार विहार, योग तथा ध्यानविधि प्रवर्धन गर्न सामुदायिक योग केन्द्र, व्यायामशाला, स्वस्थ्य हरित पार्क, पुनर्स्थापना केन्द्र लगायतका सेवा केन्द्रहरु स्थापना गरीनेछ ।

५.२ मुटुरोग, मधुमेह, मृगौला रोग, दिर्घ श्वासप्रश्वास सम्बन्धि रोग, मष्तिस्क पक्षघात, क्यान्सर जस्ता दीर्घ रोगहरुको रोकथाम र ब्यवस्थापनका लागि Package of Essesntial Non-Communicable (PEN) Disease Interventions लाई विस्तार गर्दै स्वास्थ्य सामाजिक सुरक्षा योजनाहरु मार्फत विपन्न र असहायलाई आर्थिक सहुलियत प्रदान गरीने छ ।

५.३ मानसिक स्वास्थ्य समस्या रोकथाम र व्यवस्थापनका प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै आधारभूत तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्नका लागि आधुनिक तथा आयूर्वेद चिकित्सा पद्धतीबाट, मनोसामाजिक परामर्श तथा उपचार सेवा बिस्तार गरीनेछ ।

५.४ लागू पदार्थको नियन्त्रण, मदिरा तथा सुर्तिजन्य पदार्थको विक्री वितरण तथा प्रयोगलाई बहुक्षेत्रीय सहकार्यमा नियमन गर्न समन्वय गरीनेछ ।

**नीति ६ नगरपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरु बिस्तार गर्दै (स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति ब्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ ।**

६.१ नगरपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा खानेपानी, सरसफाई, बिजुली (वैकल्पिक व्यवस्थासहित), इन्टरनेट सेवा, मापदण्ड अनुसार फोहोरमैला बिसर्जन सेवाको व्यवस्था गरिने छ ।

६.२ आधारभूत स्वास्थ्य सेवामा जनताको सहजपहुँच बढाउन आवस्यकता अनुरुप सामुदायिक स्वास्थ्य ईकाई, प्रसुती केन्द्र,आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु स्थापना गर्ने, औचित्यपूर्ण स्थानान्तरण गर्ने र तिनीहरुमा सेवाको बिस्तार गर्ने व्यवस्था मिलाईने छ । साथै प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार  क्रमागत रुपमा व्यवस्था गरिने छ ।

६.३ नगरपालिकामा मेडिकल स्टोर, कोल्डचेन रुम, बायोमेडिकल इन्जिनियरीङ प्रयोगशाला,  क्षयरोग MDR होस्टेल लाई क्रमशः स्थापना गरि ब्यवस्थित रुपमा संचालन गरिनेछ ।

६.४ प्रभावकारी स्वास्थ्य सेवा प्रवर्धनका लागि नमुनागाउँ, नमुना वडा, नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल, नमुना स्वास्थ्यकर्मी अभियान शुरुगरि क्रमागत रुपमाबिस्तार गरिने छ ।

६.५ नया संरचना अनुरूपको आपूर्ति व्यवस्थापन प्रणाली विकास गरि विशेष गरि निःशुल्क औषधी, खोप तथा खोप जन्य सामाग्री, परिवार नियोजनका साधनहरू, रेबिज भ्याक्सिन, सर्प दंश भेनम, एच.आइ.भी, क्षयकुष्ठ आदि रोगहरूको औषधीको प्रभावकारी सप्लाइ चेन व्यवस्थापन गरिनेछ ।

**नीति ७ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याउने  रणनीति अबलम्बन गरिने छ ।**

७.१ नवजातशिशु तथा बालरोगको एकीकृत व्यवस्थापनलाई थप सुदृढ गर्दै यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

७.२ राष्ट्रिय तथा प्रादेशिक लक्ष्य अनुसार यस नगरपालिकाका हरेक वडाहरुमा हाल संचालित सुरक्षित मातृत्व, बाल स्वास्थ्य, पोषण संग सम्बन्धीत कार्यक्रमलाई वडा संग समन्वय गरी प्रभाबकारी रुपले संचालन गर्ने ब्यबस्था मिलाइने छ ।

७.३ आधारभूत तथा आकस्मिक प्रसूती सेवालाई सुदृढ गर्दै नगरपालिका तहको प्राथमिक अस्पतालमा नवजात शिशु सेवा बिस्तार गरीनेछ ।

७.४बिभिन्नवर्ग, जाती धर्म तथा क्षेत्रमा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अवस्था बिश्लेषण गरी आवश्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागू गरीनेछ ।

७.५ सुरक्षित गर्भपतन सेवालाई थप व्यबस्थीत गर्दै गुणस्तरीय र प्रभावकारी बनाईने छ । लैंगिक पहिचानको आधारमा गरीने गर्भपतनलाई पूर्ण रुपमा निरुत्साहित गरीनेछ ।

७.६ गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सुनिश्चित गरीनेछ ।

७.७ नगरपालिकाका सबै स्वास्थ्य संस्थालाई किशोर किशोरीमैत्री बनाई सेवाप्रदान गर्न सक्षम बनाइने छ ।

७.८ स्वस्थ बिद्यालय बाताबरण, बिद्यालय पोषण (दिवाखाजा) Deworming, स्क्रिनिङ तथा स्वास्थ्य परीक्षण सेवा, किशोर किशोरी सेवा जस्ता बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ र यी कार्यक्रमलाई प्रभाबकारी बनाउनका लागि स्कूल नर्स कार्यक्रम लागू गरिनेछ ।

७.९ मात ृमृत्यु दर, नवजात शिशु मृत्युदर र बालमृत्युदर जस्ता महत्वपूर्ण सुचकाङ्कहरुमा आधारित लक्ष्यहरु तय गरि आवधिक कार्ययोजनाहरु तयार गरि लागू गरिनेछ ।

७.१० सामुदायीक स्वास्थ्य इकाइ तथा आधारभूत स्वास्थ्य केन्द्रहरुबाट प्रवाह हुने सेवालाई बृद्धि गरी सरसफाई प्रबर्द्धन, स्वस्थ व्यवहार प्रबर्द्धन, तथा स्वास्थ्य प्रदर्शनीको रुपमा बिस्तार गरिनेछ ।

७.११ प्रसुती केन्दहरुलाई रणनैतिक स्थानमा संचालनका लागि मानवश्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ । प्रसुती केन्द्रहरूमा आमाघर  तथा स्तर अनुसार नवजात शिशु कर्नर ( Stablization center, Specialsized Newborn Care Unit, / Newborn Intensive Care Unit)को सुबिधा उपलब्ध गराइनेछ ।

७.१२ नवजात शिशु तथा बाल रोगको एकिकृत व्यवस्थापनलाई सुदृढ गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ

**नीति ८ नगरपालिका भित्र उपलब्ध जडीवुटीको सदुपयोग गर्दै आयुर्वेद लगायतका अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ ।**

८.१ आधारभूत आयुर्वेद एंव बैकल्पिक चिकित्सा सेवा निःशुल्क रुपमा प्रदान गर्न प्रदेश तथा संघ संगको समन्वयमा आवश्यक संस्थागत संरचनाको व्यवस्था गरीने छ ।

८.२ राष्ट्रिय स्वास्थ्य कार्यक्रम संग एकिकृत गर्दै आयुर्वेद एंव बैकल्पिक चिकित्सा पद्धतीबाट सेवाप्रदान गरीने छ ।

८.३ वैकल्पिक चिकित्सा सेवाहरुलाई स्वास्थ्य सेवाको मूलधारमा ल्याउन मापदण्ड निर्धारण गरी सञ्चालन, व्यवस्थापन तथा विस्तार गरिनेछ ।

८.४ प्रचलित तथा परम्परागत चिकित्सा सेवाहरूलाई निश्चित मापदण्डका आधारमा सूचीकृत, व्यवस्थित तथा नियमन गरिनेछ।

८.५ नगरपालिकामा उपलब्ध हुने जडिबुटीहरुलाई विशेष योजनाबनाई उत्पादनमा बृद्धिगर्दै व्यवसायिक गर्दै लगिनेछ । अनिधिकृत रुपमा जडिवुटीको बेचबिखन पूर्ण रुपमानिस्तेज गर्दै, नगरपालिकाको पहलमा बिक्रि बितरणको व्यवस्था मिलाईनेछ ।

८.६ यस नगरपालिकामा आयूर्वेद तथा  बैकल्पिक चिकित्सा पद्धतीलाई विस्तार गर्ने रणनीति अवलम्बन गरिनेछ ।

**नीति ९ स्थानीय आवश्यकता संबोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी ब्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ ।**

९.१ प्रत्येक स्वास्थ्य संस्थाहरु, निजीतथा गैरसरकारी स्वास्थ्य संस्थाहरुमा बिद्युतीय ⁄ अनलाइन अभिलेख तथा प्रतिवेदन गर्ने ब्यवस्था सुनिश्चित गरीनेछ ।

९.२ नगरपालिकामा बिद्युतीय अभिलेख तथा प्रतिवेदन प्रणालीलाई संस्थागत गरी सूचना विश्लेषणका निश्कर्षहरुलाई प्राथमिकताका साथ स्वास्थ्य क्षेत्रको निर्णय प्रक्रियामा प्रयोगमा ल्याउने संस्कारको विकास गरीने छ ।

९.३ तथ्याकंको गुणस्तरीयता, विश्वसनियता कायम राख्न अनुगमन, मूल्याकंन तथा पृष्ठपोषणको प्रणालीलाई सवलिकृत गरीनेछ ।

९.४ संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य क्षेत्रमा उपलव्ध मानव स्रोत व्यवस्थापन, तालिम व्यवस्थापन, आपूर्ति व्यवस्थापन लगायत सम्पूर्ण सूचना तथा तथ्याङ्कलाई एकिकृत बिद्युतीय सूचना प्रणालीको विकास गरी कार्यान्वयन गरिनेछ ।

९.५ स्वास्थ्य क्षेत्रको अध्ययनतथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित गर्न नगरपालिकाको प्राथमिकताका क्षेत्रहरु पहिचान गरी सोको अनुसन्धानात्मक कार्यका लागि स्रोतको व्यवस्थापन गर्ने, तथा अध्ययनतथा अनुसन्धान र अनुगमनका निश्कर्षहरुलाई प्राथमिकताका साथ योजना माफर्त कार्यान्वयन गरिनेछ ।

**नीति १० नगरबासीको .स्वास्थ्यबीमा सुनिश्चित गरि लक्षित बर्गको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिने छ ।**

१०.१ स्वास्थ्य बीमाको दायरा बढाइ नगरपालिकाका सबै नागरिकको स्वास्थ्य बीमामा आबद्ध गराइनेछ

१०.२ संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य विमा कार्यक्रमलाइ थप प्रभावकारी बनाउदै लगिनेछ ।

१०.३ अति गरीब, विपन्न तथा लोप उन्मुख समुदायहरुलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य विमाको व्यवस्था गरिनेछ ।

१०.४नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरु बालमैत्री, अपांगमैत्री, ज्येष्ठ नागरिकमैत्री, किशोरकिशोरी मैत्री हुनेछन् ।

१०.५कम उमेरमा बिवाह गर्ने र कम उमेरमै गर्भवतीहुने कारणले महिलाको स्वास्थ्यमा असर गर्ने हुनाले सचेतना अभिबृद्धि गर्ने तथा महिनावारी भएको बेला छात्राहरुको बिद्यालय उपथितिमा निरन्तरता दिन सेनटिरी प्याड उपलब्ध गराइनेछ ।

१०.६ अपांगहरुको लागी आवश्यकता अनुसारको सहयोगी उपचार व्यवस्था, सहयोगी सामाग्री व्यवस्था गरिने छ साथै स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा अपांगमैत्री हुनेछन् । प्रशामक सेवाको पनि क्रमशः शुरुवात गरिनेछ ।

**नीति ११ स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको ब्यवस्थापन गरिनेछ ।**

११.१ स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीमा आफ्नो काम, कर्तब्य प्रति थप जवाफदेही र जनमुखी बनाउन नतिजामा आधारित कार्यसम्पादन तथा मूल्याङ्कन प्रणालीको विकास गरीने छ ।

११.२ स्वास्थ्य सेवालाई नगरपालिकाको परिवेश अनुकुलतथा समय सापेक्ष बनाउन स्वास्थ्य संस्थाहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M)गरी वैज्ञानिक आधारमा संगठनात्मक संरचना तथा जनशक्तिको दरबन्दी परिमार्जन गर्ने व्यवस्था मिलाईनेछ ।

११.३ स्वास्थ्य क्षेत्रमा स्रोतको समूचित परिचालन गर्दै समयानुकुल स्वास्थ्य सेवाप्रवाह गर्न स्वास्थ्यकर्मिको क्षमता अभिवृद्धि, परिचालन तथा व्यवस्थापन गरिनेछ ।

११.४ स्वास्थ्य संस्थामा तोकिएका सेवाहरु प्रवाह गर्न आवश्यक जनशक्तिको निरन्तर उपलब्धताको सुनिश्चितता गरिनेछ .।

११.५ स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धीको लागि सेवाकालीन तालिम, पेशागत वृत्ती विकास तथा कार्य सम्पादनमा आधारित प्रोत्साहनलाई प्रर्वद्धन गरिनेछ ।

११.६ महिला स्वास्थ्य स्वयंसेविकाको भूमिकालाई समयसापेक्ष परिमार्जन गरी सामुदायिक स्वास्थ्य प्रवर्द्धनकालागि निरन्तर परिचालन गरिनेछ ।

**नीति १२ सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था गरिने छ ।**

१२.१ नगरपालिका भित्र सबै प्रणालीका उपचार सेवा, निदानात्मक सेवा, प्रयोगशाला सेवा, फिजियोथेरापी जस्ता सेवाप्रदायक निजी संस्थाको दर्ता तथा सञ्चालन अनुमतिदिने तथा कानून बनाई नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

१२.२लक्षित समूहतथा क्षेत्रमा स्वास्थ्य सेवा सुनिश्चित गर्न मापदण्डका आधारमा निजी तथा गैरसरकारी संघ संस्थासँग साझेदारी गरिनेछ ।

१२.३ निजी क्षेत्रको व्यावसायिकता, कार्यकुशलता, उद्यमशीलता, प्राविधिक दक्षता एवं वित्तीय स्रोत लाई स्वास्थ्य सेवाको विकास तथा विस्तारमा उपयोग गदै, सामाजिक उत्तरदायित्व अभिवृद्धि गरिनेछ ।

१२.४. स्वास्थ्य उपलब्धि हासिल गर्न संघीय तथा प्रदेश सरकारसँग समन्वय गर्नुका साथै बहुपक्षीय, दुईपक्षीय, तथा राष्ट्रिय, अन्तराष्ट्रिय, बहुक्षेत्रीय सहकार्यद्धारा विकास साझेदारहरुको सहयोगलाई प्रभावकारी ढंगबाट परिचालन गरिनेछ ।

**नीति १३ सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालिन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि स्थानीयतहसँगको समन्वयमा विशेष योजना बनाइ स्वास्थ्य सेवा परिचालन गरिने छ ।**

१३.१ संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण गर्ने सम्बन्धी कार्यक्रम कार्यान्विनयनको अनुगमन गरी सोको प्रभावकारी रुपमा संचालन गरिने छ ।

१३.२ समयमै रोगको पहिचान गर्न नियमित तथा बिशेष शिबिरहरु मार्फत स्वास्थ्य संस्थाहरुमा स्क्रिनिङ सेवाहरु संचालन गरिनेछ। क्षयरोग, कुष्ठरोग, जस्ता सरुवा रोगहरुको रोक थाम नियन्त्रण निवारण र उन्मूलनको लागि प्रभावकारी कार्यक्रमहरु संचालन गरिनेछ ।

१३.३ खोपबाट गर्न सकिने रोगहरुको रोकथाम नियन्त्रणका तथा निवारणका लागि निगरानी कार्य लाई निरन्तरता दिइ पूर्णखोप सुनिश्चित नगरपालिका कायम राखिनेछ ।

१३.४ सुचिकृत रोगहरुको सुचित गर्ने पद्धती (Notification System)विकास गरि कार्यन्वयन गरिनेछ ।

१३.५ नगरपालिका स्वास्थ्य संकट तथा विपत व्यवस्थापन पूर्वतयारी योजनाबनाई कार्यान्वियन गरिनेछ ।

१३.६ प्राकृतिक प्रकोप, महामारी र सडक दुर्घटना जस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल व्यवस्थापन गर्ने व्यवस्था गरिनेछ र नगरपालिकाभित्रका रणनितिक स्थानहरूमा आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामाग्रीको जगेडा को रूपमा राखिनेछ ।

१३.७ नगरपालिका भित्र सरकारी, निजी, सामुदायिक रुपमा संचालन हुने एम्बुलेन्स एवं सब बाहन् सेवालाई निर्देशिका एवं मापदण्ड तयार गरी व्यवस्थित तरिकाले संचालन गर्ने व्यवस्था मिलाईने छ । यसको उपलब्धता बढाउनुका साथै शुल्कमा नियमन गरिने छ ।

१३.८ नगरपालिका तथा वडा स्तरिय द्रुत प्रतिकार्य टोली तथा अन्य उद्दार टोली संग समन्वयगर्दै आवश्यकता अनुसार परिचालन गरीनेछ। विपद व्यवस्थापन, जोखिम नियुनिकरण, स्वास्थ्य प्रर्वधन लगायतका समग्र स्वास्थ्य सेवामा नागरिक र समुदायको सकृय सहभागीता तथा योगदानलाई प्रोत्साहित गरिनेछ ।

**नीति १४ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्साहान, प्रवर्द्धन र व्यवस्थापन गरी नगरवासीको स्वच्छ वातावरणमा बाँच्नपाउने अधिकार सुनिश्चित गरिनेछ ।**

१४.१ खुला दिशामुक्त नगरपालिकाबाट पूर्णसरसफाई युक्त नगरपालिका बनाईनेछ र सोको दिगोपनाको योजना तयार गरी कार्यान्वयन गरीने छ ।

१४.२ नगरपालिका भित्र पानी, वायु, ध्वनी लगायत अन्य वाताबरणीय प्रदुषण नियन्त्रण गर्न लागि सम्बन्धित निकायहरुसंग समन्वय गरीने छ ।

१४.३ पर्यावरण र वातावरणीय परिवर्तन साथै काम र कार्यस्थलको वाताबरणीय अबस्थाका कारणले स्वास्थ्यमा पर्ने हानीबाट बचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसँग समन्वय गरी स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु तय गरी संचालन गरीनेछ ।

१४.४ सर्वब्यापी सावधानीको अवधारणलाई अनुसरण गरी स्वास्थ्य सेवा जन्यफोहोर मैला व्यवस्थापनको लागि सबै सरोकारवालाहरु सँगको सहकार्यमा उचित किसिमले फोहोर मैला संकलन, छुट्याउने र विर्सजनको व्यवस्था गरीनेछ ।

१४.५ किटनाशक बिषादीको प्रयोगलाई नियमन तथा औधोगिक रसायनको समुचित विर्सजन गर्न सम्बन्धित क्षेत्रसँग समन्वय र सहकार्य गरीनेछ ।

१४.६ पेशागत स्वास्थ्य सुरक्षाका लागि व्यवसायजन्य जोखिम न्यूनीकरण र रोकथाम गर्न सरोकारवालाहरुसँग समन्वय तथा सहकार्यमा कार्यक्षेत्रमा हुनसक्ने विपद जोखिम न्यूनीकरणका लागि नियमनको व्यवस्था मिलाईने छ

१४.७ व्यवसायिक रुपमा हुन सक्ने जोखिमबाट जोगाउने व्यवस्था गर्दै उनीहरुको स्वास्थ्य संरक्षणका लागि स्वास्थ्य तथा जीवनविमा भएको सुनिश्चित गरीनेछ ।

**नीतिः १५ स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षाप्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न नगरपालिकाबाट स्वास्थ्य क्षेत्रमालगानी बढाउदै लैजाने र आवश्यकता अनुसार निजितथा गैरसरकारी क्षेत्र संग साझेदारी गरिनेछ ।**

१५.१ नगरपालिकाको कुल बजेटको न्यूनतम १० प्रतिशत स्वास्थ्य क्षेत्रमा बिनियोजन गरीनेछ ।

१५.२ संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य विमा कार्यक्रम लागू गरी नगरबासीको स्वास्थ्य बीमा सुनिश्चित गरीनेछ । अति गरीब, विपन्न तथा लोपउन्मुख समुदायहरुलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्यविमाको व्यवस्था गरीनेछ ।

१५.३ स्वास्थ्य क्षेत्रमा निजीतथा गैरसरकारी क्षेत्रसँग सहकार्य तथा साझेदारीलाई प्रोत्साहन गर्न "सार्वजनिक-निजी साझेदारी" रणनीति बनाई लागू गरीने छ ।

१५.४ निजी क्षेत्रले प्रदान गर्ने स्वास्थ्य सेवालाई क्रमशः सेवामूलक स्वास्थ्य सेवामा रुपान्तरण गर्दै सबै समुदायका व्यक्तिले सेवाको प्रयोग गर्न सक्ने वातावारणको सृजना गर्न आवश्यक साझेदारी गरिनेछ ।

१५.५ निजी क्षेत्रको सामाजिक उत्तरदायित्वलाई मूलतःजनस्वास्थ्य प्रवर्धनको क्षेत्रमा लगानी गर्न आवश्यक वाताबरणको सृजना गरीनेछ ।

**नीति १६ नगरबासीहरुको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यबर्द्धक, पौष्टिक र स्थानिय स्तरमा उत्पादनहुने (रैथाने) खाद्यपदार्थ उत्पादन, प्रयोग र पहुँचलाई बृद्धि गरिने छ ।**

१६.१ खाद्य विविधीकरणमा जोड दिदै स्थानीय तहसंग समन्वय र सहकार्य गरी पोषण व्यवहार परिवर्तन गर्ने तथा बजारिया खाना(Junk Food)लाई निरुत्साहित गर्ने सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा संचालन गरिनेछ ।

१६.२ अर्गानीक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न, हरित गृह तथा प्रत्येक परिवारमा सुधारिएको करेशाबारी निर्माण गर्न र खानामा विविधीकरण गरि उपभोग गर्न प्रोत्साहित गरिनेछ ।

१६.३ पोषणयुक्त बालपौष्टिक आहार, दिवाखाजा लगायतका अन्य खाद्यपर्दाथ उत्पादनका लागि प्रोत्साहन गरिनेछ र सो को गुणस्तर कायम गर्ने प्रावधान बनाईनेछ ।

१६.४ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्वयुक्त खाद्य पदार्थ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ । यस्ता खाद्यपदार्थ प्रसोधन तथा बजारीकरणका लागी सानाकिसान/व्यवसायी अनुदान कार्यक्रम संचालन गरिनेछ

१६.५ बहु क्षेत्रीयपोषण कार्यक्रम, एकिकृत शिघ्र कुपोषण व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धी कार्यक्रमलाई विस्तार, परिष्कृत एवं प्रभावकारी बनाइनेछ । स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा पोषण पुर्नस्थापना केन्द्रहरू स्थापना गरिनेछ ।

१६.६ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय बजारमा खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ्य माछा, मासु तथा दुध उत्पादन बिक्रि बितरणको लागी नियमन गरिने छ । कुनैपनि तयारी खानेकुराहरुमा अनिबार्य लेवलिङको व्यवस्था गरिने छ ।

१६.७ दुईबर्ष मूनिका बालबालिकाको नियमित बृद्धि अनुगमन गरिनेछ । गर्भवति र २ बर्ष मूनीका बच्चाका आमाहरुको पोषणको स्थीति सुधार गरिनेछ ।

**नीति.१७ बिभिन्न सरुवा रोग, किट जन्य रोग, पशुपन्छी जन्य रोग एवं सिकल सेल एनेमिया, थालासेमिया, जस्ता निश्चित स्थान र समुदायमा विद्यमान रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिने छ ।**

१७.१ क्षयरोग, एचआइभी र एड्स तथा औलो लगायतका सरुवा रोगहरूको निगरानी, रोकथाम, नियन्त्रण, निवारण तथा उन्मूलनको लागि संघ तथा प्रदेश सरकारको समन्वयमा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरीनेछ ।

१७.२ रेबिज, सर्पदंशलगायतका पशुपन्छीजन्य र किटजन्य रोगहरु ज्स्तै मलेरिया, डेंगु, हातीपाइले, स्क्रब टाइफस, कालाजार आदी रोगहरुको प्रभावका आधारमा रोकथाम, नियन्त्रण र उपचारको लागि योजना बनाई सेवा बिस्तार गरिनेछ ।

१७.३ सिकलसेल तथा थालेसिमिया रोगको रोकथाम र निःशुल्क उपचारको लागि उचित योजना बनाई कार्यान्वियन गरिनेछ ।

**नीति.१८ आकष्मिक सेवा तथा प्रेषण सेवालाई चुष्तदुरुष्त बनाउन आबस्यक कदम चालिनेछ ।**

१८.१ स्थानिय स्वास्थ्य संस्थाबाट विरामीहरुलाई प्रेषण गर्दा प्रेषण केन्द्रहरुसँग आवस्यक समन्वय गरिनेछ ।

१८.२ प्रेषण सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउन प्रसुती केन्द्र भएका स्वास्थ्य संस्थाहरुमा "आकष्मिक चक्र कोष" को व्यवस्था गरिनेछ । अति बिपन्न, असहाय, पिछडिएका तथा बन्चितिकरणमा परेका समुह वा स्थानीय तहले तोके बमोजिमका समुहहरुबाट बिशेषतःगर्भवती तथा सुत्केरी महिला, नवजात शिशुको जीवन रक्षाको लागि उक्त कोषलाई आवस्यक कानुन बनाई परिचालन गरिनेछ ।

१८.३ प्रेषणका लागि नगरपालिका भित्र सरकारी, निजी, सामुदायिक रुपमा संचालन हुने एम्बुलेन्स वा अन्य द्रुतगतिका यातायातका साधनहरुको उपलब्धतालाई सुनिश्चित गरिनेछ ।

**७.संस्थागत संरचना**

७.१. नीति कार्यान्वयनका लागि बारबर्दिया नगरपालिकाको नेतृत्वमा स्वास्थ्य शाखा, समिति तथा उपसमितिहरु र स्वास्थ्य संस्थाहरु रहनेछन भने नीति माउल्लेख भएको स्वास्थ्य अन्तरगत सेवा प्रवाहका लागि बारबर्दिया नगरपालिका स्तरमा आधारभुत अस्पताल स्थापना गरिनेछ ।

७.२ मानव संशाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिलक कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरु, क्षमता अधिवृद्धिका लागि समन्वय गरिनेछ। स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा उपचार सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र, आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाई तथा वैकल्पिक उपचार पद्दतिको स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिने छ ।

**८.आर्थिक पक्ष**

यस नीतिको कार्यान्वयन मूलत:बारबर्दिया नगरपालिका सामाजिक विकास शाखाको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न नगरपालिकाका सवै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणा लाई अगाडी ल्याइनेछ । नेपाल सरकार र प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ। यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु र निजीक्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यकश्रोत व्यवस्थापन गर्न पहल गरिनेछ।

**९.अनुगमन र मूल्यांकन**

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मूल्यांकन गर्ने दायित्व सामाजिक विकास शाखाको हुनेछ । यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ । वडा समितिहरु एवम् अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागिता मुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ। प्रत्येक पाँच वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

**१०.नीति कार्यान्वयनको कार्ययोजना**

नीति कार्यान्वयनका लागि बारबर्दिया नगरपालिकाले आवश्यक ऐन, नियमावली, निर्देशिका, कार्यविधी आदि तर्जुमा गर्नेछ । स्वास्थ्य सँग सम्बन्धित आवश्यक ऐन कानून, नियमावली, निर्देशिका तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधिनमा रही यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन कार्ययोजना बनाउने छ । यही कार्यायोजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिनेछ। वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समिक्षा गरी पुनरावलोकन गरिनेछ।

**११.जोखिम**

राज्यको पुन:संरचनाको प्रारम्भिक चरण, बढ्दो जनआकांक्षा, नगरपालिका संस्थागत बिकासको चरणमा रहेको, सिमित साधन र स्रोत, नगरपालिकाको प्राथमिकतामा स्वास्थ्य क्षेत्र समग्र बिकासको मुद्दाका रुपमा स्थापीत गराउनु पर्ने विद्यमान अवस्थामा यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा केही जोखिम हुन सक्छन् । यद्यपी उल्लेखित जोखिमको बाबजुद नगरवासीलाई सर्वसुलभ, गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चित गर्दै बारबर्दिया नगरपालिकाको स्वास्थ्य नीति २०७८ को प्रभाबकारी कार्यान्वयन गर्ने गरी जोखिमको न्युनिकरण गरिनेछ।

आज्ञाले

महेन्द्रजङ्ग शाही

प्रमुख प्रशासकीय अधिकृत